वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com
भञ्ज्याङ
bhanjyangnews.com
BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक




वर्ष ४४ अंक ३०६ | २०८२ चैत्र १६ गते सोमबार, नेपाल सम्वत् ११४६ March 30, 2026 | पृष्ठ ४ | मूल्य : रू. ५/-



## घरबासमा पाहुनाको स्वागत

तनहुँको बन्दीपुर गाउँपालिकाको बन्दीपुर सामुदायिक होमस्टे (घरबास)मा आइपुगेका पाहुनालाई स्वागत गरिँदै । बन्दीपुर गाउँपालिका र व्यास नगरपालिकाका विभिन्न होमस्टे (घरबास)हरूलाई एउटै सर्किट (क्षेत्र)मा आबद्ध गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'सामुदायिक होमस्टे सर्किट तथा पर्यटन प्रवर्द्धन कार्यक्रम' अन्तर्गत पुगेका पाहुनालाई स्वागत गरिएको हो । ग्रामीण पर्यटनलाई व्यवस्थित, दिगो र आयमुखी बनाउने लक्ष्यसहित होमस्टे सर्किटको अवधारणासँगै पर्यटन प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिएको छ । कार्यक्रमअन्तर्गत बन्दीपुर-२ को मोहोरिया र रामकोट, व्यास-१४ कुलुङ, केशवटार, रुम्सी, बन्दीपुर-६ धरमपानी, व्यास-१२ कमलाबारी, बन्दीपुर-५ कोरिखा तथा बन्दीपुर सामुदायिक होमस्टेमा अध्ययन अवलोकन गरिएको छ ।

*तस्विर : भञ्ज्याङ*

# सुशासन मार्गचित्र: नतिजामुखी बजेट र पारदर्शी कर प्रणालीमा जोड

**रासस/काठमाडौं**

सरकारले आइतबार सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले बजेट तथा राजस्व प्रणालीमा व्यापक संरचनागत सुधारको खाका प्रस्तुत गर्दै कर प्रशासनदेखि वित्तीय हस्तान्तरण, बजेट तर्जुमा र पुँजीबजारसम्मका क्षेत्रलाई समेटेर दीर्घकालीन नीतिगत स्थिरता, पारदर्शिता र परिणाममुखी व्यवस्थापनमा जोड दिएको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सार्वजनिक गरेको मार्गचित्रले विशेषगरी नागरिक अपेक्षालाई केन्द्रमा राख्दै कर प्रणालीलाई न्यायोचित, प्रगतिशील र पारदर्शी बनाउने आवश्यकता औँल्याएको छ भने बजेट प्रणालीलाई खुला, उत्तरदायी र नतिजामुखी बनाउनुपर्नेमा जोड दिएको छ ।

मार्गचित्रमा नागरिकका करसम्बन्धी अपेक्षालाई विस्तृत रूपमा उल्लेख गर्दै भनिएको छ, "आय र क्षमताअनुसार कर लगाइने न्यायोचित र प्रगतिशील कर प्रणाली विकास गरिनुपर्छ, जसले न्यून आय भएका समूहलाई संरक्षण गर्दै उच्च आय समूहबाट उचित योगदान सुनिश्चित गर्छ । उठेको राजस्व कहाँ र कसरी खर्च भयो भन्ने स्पष्ट जानकारी नागरिकलाई सहज रूपमा उपलब्ध गराइनुपर्छ र बजेट तथा खर्च विवरण सार्वजनिक र पहुँचयोग्य बनाइनुपर्छ ।"

यस्तै, कर प्रशासनलाई सरल, 'डिजिटल' र झन्झटरहित बनाउनेतर्फ पनि मार्गचित्रले जोड दिएको छ । "कर दर्ता, फाइलिङ र भुक्तानी प्रक्रिया पूर्ण रूपमा सरल र डिजिटल बनाइनुपर्छ, अनावश्यक कागजी प्रक्रिया हटाइनुपर्छ र करदाताले लाइन बस्नुपर्ने अवस्था अन्त्य गरिनुपर्छ", करदर र नीतिमा स्थायित्व कायम राख्नुपर्ने आवश्यकता औँल्याउँदै मार्गचित्रमा भनिएको छ, "बारम्बार करदर परिवर्तन नगरी नीतिगत स्थिरता कायम गरिनुपर्छ, जसले दीर्घकालीन योजना बनाउन सक्ने वातावरण सिर्जना गर्छ ।"

यसैगरी करको समान र निष्पक्ष कार्यान्वयन सुनिश्चित गर्न राजनीतिक प्रभावका आधारमा छुट वा दर हेरफेर रोक्नुपर्ने उल्लेख गरिएको छ। भ्रष्टाचार नियन्त्रणलाई केन्द्रमा राख्दै मार्गचित्रले कर निर्धारण र संकलनमा घुस तथा मिलेमतो अन्त्य गरिनुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली र 'डिजिटल ट्र्याकिङ' सुदृढ गरिनुपर्नेलगायत सिफारिस गरिएको छ ।

त्यस्तै, सेवामुखी कर प्रशासनको अवधारणालाई अघि सार्दै दस्तावेजमा कर कार्यालयलाई सेवाग्राहीमैत्री बनाउन, गुनासो छिटो समाधान गर्ने संयन्त्र विकास गर्न तथा करदाताको अधिकार संरक्षण सुनिश्चित गर्नुपर्ने उल्लेख छ । "कर निर्धारणमा पुनरावलोकनको अधिकार सुनिश्चित गरिनुपर्छ र अनुचित जरिवाना वा उत्पीडनबाट करदातालाई संरक्षण गरिनुपर्छ", मार्गचित्रमा भनिएको छ ।

यस्तै, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय अभावका कारण देखिने दोहोरो कर प्रणाली अन्त्य गर्न स्पष्ट अधिकार क्षेत्र निर्धारण गर्नुपर्नेमा जोड दिइएको छ। बजेट प्रणालीतर्फ मार्गचित्रले पारदर्शी र खुला प्रक्रिया, आवश्यकतामा आधारित प्राथमिकता र समावेशी वितरणको आवश्यकता औँल्याएको छ। "बजेट निर्माण, विनियोजन र खर्चको स्पष्ट जानकारी सार्वजनिक गरिनुपर्छ । शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारजस्ता आधारभूत क्षेत्रमा पर्याप्त लगानी हुनुपर्छ । सीमित क्षेत्र वा प्रभावशाली व्यक्तिको प्रभावमा बजेट मुक्त हुनुपर्छ", मार्गचित्रमा उल्लेख छ ।




यसैगरी बजेट खर्चलाई परिणाममुखी बनाउनुपर्ने आवश्यकता औँल्याउँदै मार्गचित्रमा भनिएको छ, "रकम खर्च हुनु मात्र पर्याप्त होइन, त्यसले ठोस उपलब्धि र सेवा सुधार देखिनुपर्छ।

*बाँकी तेश्रो पेजमा*

# भानुमा दुधबाट सर्ने जुनोटिक रोगबारे अभिमुखीकरण गोष्ठी

**भञ्ज्याङ समाचारदाता/भानु**

तनहुँको भानु नगरपालिका-८ बगाले फाँटमा दुधबाट सर्ने जुनोटिक रोग तथा दुध स्वच्छता सम्बन्धी एक दिने अभिमुखीकरण गोष्ठी सम्पन्न गरिएको छ । वडा नं. ८ स्थित प्रगति डेरीमा आयोजना गरिएको



उक्त गोष्ठीमा भेटेरिनरी अस्पताल तथा पशु सेवा कार्यालय दमौलीका पशु विकास अधिकृत पवन श्रेष्ठले सहजिकरण गरेका थिए ।

कार्यक्रममा उनले दुध उत्पादन, संकलन तथा उपभोगका क्रममा अपनाउनुपर्ने स्वच्छता मापदण्डबारे जानकारी दिँदै ब्रुसेलोसिस, क्षयरोग तथा साल्मोनेलोसिस जस्ता दुधबाट सर्ने प्रमुख रोगहरु र तिनको रोकथामका उपायबारे कृषकहरूलाई जानकारी गराएका थिए ।

गोष्ठीमा स्थानीय किसान, डेरी व्यवसायी तथा सरोकारवाला व्यक्तिहरूको उल्लेखनीय सहभागिता रहेको थियो । सहभागीहरूले दुध दुहुँदा अपनाउनुपर्ने सरसफाइ, पशु स्वास्थ्य परीक्षणको आवश्यकता तथा स्वच्छ दुध उत्पादनको महत्वबारे व्यवहारिक ज्ञान हासिल गरेका थिए ।

यस प्रकारका अभिमुखीकरण कार्यक्रमले स्थानीय स्तरमा दुधजन्य रोग न्यूनीकरण तथा सुरक्षित दुध उत्पादनमा महत्वपूर्ण टेवा पुग्ने स्थानीय कृषकले विश्वास व्यक्त गरेका थिए ।

**भञ्ज्याङ दैनिक पत्रिका नआएमा**
**फोन : ०६५-५६३९०७ मा सम्पर्क गर्नुहोला ।**
www.bhanjyangnews.com
Email- bhanjyangdml@gmail.com

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सय कार्ययोजना : आशा, चुनौती र कार्यान्वयनको परीक्षा

सरकारले हालै सार्वजनिक गरेको शासकीय सुधारसम्बन्धी एक सय कार्ययोजना केवल प्रशासनिक सूची मात्र होइन, राज्य सञ्चालनको सोच र शैली परिवर्तन गर्ने महत्वाकांक्षी दस्तावेजका रूपमा प्रस्तुत भएको छ। मन्त्रिपरिषद्को निर्णयबाट अघि सारिएको यो कार्यसूचीले सुशासन, पारदर्शिता, डिजिटल रूपान्तरण, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रणदेखि लिएर स्वास्थ्य, शिक्षा, कृषि र लगानीसम्मका क्षेत्र समेटेको छ। कागजमा हेर्दा यो कार्ययोजना व्यापक, समयसीमायुक्त र परिणाममुखी देखिन्छ। तर यसको वास्तविक मूल्यांकन भने कार्यान्वयनको धरातलमै हुनेछ। यो कार्ययोजनाको सबैभन्दा सकारात्मक पक्ष भनेको नतिजामा आधारित शासकीय प्रणालीको अवधारणा हो। प्रत्येक मन्त्रालयलाई निश्चित समयसीमाभित्र प्राथमिकता निर्धारण गरी प्रगति विवरण पेस गर्नुपर्ने प्रावधानले जिम्मेवारी र जवाफदेहिता बढाउने अपेक्षा गरिएको छ। विगतमा योजना बनाउने तर कार्यान्वयन कमजोर हुने प्रवृत्ति नेपाली प्रशासनको प्रमुख कमजोरी रहँदै आएको छ। त्यसैले मासिक अनुगमन, मूल्याङ्कन र सार्वजनिक रिपोर्टिङको व्यवस्था प्रभावकारी रूपमा लागू भएमा शासन प्रणालीमा वास्तविक सुधार देखिन सक्छ। प्रशासनिक पुनर्संरचना र मितव्ययितातर्फ सरकारले मन्त्रालयको संख्या घटाउने, अनुत्पादक संरचना खारेज गर्ने तथा निर्णय प्रक्रियालाई तीन तहमा सीमित गर्ने प्रस्ताव अघि सारेको छ। यसले प्रशासनलाई चुस्त, छरितो र खर्च नियन्त्रणतर्फ उन्मुख गराउने संकेत गर्छ। तर यस्ता सुधारहरु सधैं राजनीतिक इच्छाशक्ति र ब्युरोक्रेसीको प्रतिरोधबीच फस्ने गरेका उदाहरणहरु प्रशस्त छन्। त्यसैले यो निर्णय व्यवहारमा कति दृढताका साथ लागू हुन्छ भन्ने प्रश्न महत्वपूर्ण छ। सार्वजनिक सेवा प्रवाह सुधारतर्फ डिजिटल प्रणाली, एकीकृत सेवा केन्द्र, गुनासो व्यवस्थापन प्रणाली र 'फेसलेस' सेवाको अवधारणा अत्यन्त सान्दर्भिक छ। नागरिकले सरकारी सेवा लिन घण्टौं लाइन बस्नुपर्ने, बिचौलियामा निर्भर हुनुपर्ने र अनावश्यक झन्झट भोग्नुपर्ने अवस्था अन्त्य गर्ने लक्ष्य स्वागतयोग्य छ। तर नेपालको डिजिटल पूर्वाधार, साइबर सुरक्षा, जनशक्ति र प्राविधिक क्षमता कति सक्षम छ भन्ने प्रश्न पनि सँगै उठ्छ। डिजिटल रूपान्तरण केवल प्रविधि जडान मात्र होइन, सोच र प्रणाली परिवर्तनको विषय हो।

भ्रष्टाचार नियन्त्रणतर्फ सम्पत्ति छानबिन समिति गठन, डिजिटल सम्पत्ति लगत प्रणाली र सदाचार नीति लागू गर्ने प्रस्तावहरु उल्लेखनीय छन्। लामो समयदेखि दण्डहीनता र राजनीतिक संरक्षणका कारण भ्रष्टाचार नियन्त्रण प्रभावहीन हुँदै आएको छ। यदि प्रस्तावित संयन्त्रहरु निष्पक्ष र प्रभावकारी रूपमा सञ्चालन भए भने यसले शासनप्रति नागरिकको विश्वास पुनःस्थापित गर्न मद्दत पुर्याउन सक्छ। तर यस्ता कदमहरु प्रायः राजनीतिक प्रभावमा कमजोर हुने खतरा पनि उत्तिकै रहन्छ। स्वास्थ्य, शिक्षा र सामाजिक क्षेत्रमा प्रस्तुत योजना नागरिकमैत्री देखिन्छन्। सरकारी तथा निजी अस्पतालमा १० प्रतिशत निःशुल्क शय्या अनिवार्य गर्ने, डिजिटल स्वास्थ्य अभिलेख प्रणाली लागू गर्ने, शिक्षा क्षेत्रमा दलीय हस्तक्षेप हटाउने जस्ता निर्णयहरु दीर्घकालीन सुधारका संकेत हुन्। विशेषतः स्वास्थ्य सेवामा पहुँच विस्तार र गुणस्तर सुधारले ग्रामीण तथा विपन्न समुदायलाई प्रत्यक्ष लाभ पुग्न सक्छ। तर यस्ता निर्णयहरु कार्यान्वयनका लागि पर्याप्त स्रोत, अनुगमन र कडाइ आवश्यक पर्छ। आर्थिक र लगानी क्षेत्रतर्फ 'स्टार्टअप फास्ट ट्र्याक', एकद्वार सेवा प्रणाली, निजी क्षेत्र संरक्षण रणनीति र परियोजना व्यवस्थापन सुधारका उपायहरूले व्यवसायिक वातावरण सुधार गर्ने अपेक्षा गरिएको छ। नेपालमा लगानी आकर्षित गर्न नीतिगत स्पष्टता, स्थायित्व र प्रशासनिक सरलता अत्यावश्यक छ। कार्ययोजनाले यी पक्ष समेटेको भए पनि कार्यान्वयनमा ढिलासुस्ती भएमा अपेक्षित परिणाम हासिल गर्न कठिन हुनेछ।

कृषि, भूमि र पूर्वाधार क्षेत्रमा न्यूनतम समर्थन मूल्य, कृषि बजार प्रणाली, सुकुम्बासी समस्या समाधान र सार्वजनिक जग्गा संरक्षणका योजना पनि समावेश छन्। यी विषयहरु प्रत्यक्ष रूपमा जनजीवनसँग जोडिएका छन्। तर विगतमा पनि यस्ता कार्यक्रमहरु घोषणामा सीमित भएको अनुभवले नागरिकमा सन्देह उत्पन्न गरेको छ। त्यसैले यिनलाई परिणाममुखी बनाउन स्थानीय तहको सक्रिय भूमिका अनिवार्य छ। समग्रमा, सरकारले ल्याएको सय कार्ययोजना महत्वाकांक्षी, बहुआयामिक र समयानुकूल छ। यसले राज्य सञ्चालनमा सुधारको स्पष्ट संकेत दिएको छ। तर नेपालको सन्दर्भमा सबैभन्दा ठूलो चुनौती योजना बनाउने होइन, त्यसलाई कार्यान्वयन गर्ने हो। राजनीतिक स्थायित्व, प्रशासनिक प्रतिबद्धता, स्रोत व्यवस्थापन र पारदर्शी अनुगमनबिना यस्ता योजनाहरु कागजमै सीमित हुने खतरा रहन्छ। अन्ततः, यो कार्ययोजना सफल बनाउने जिम्मेवारी केवल सरकारको मात्र होइन, सम्पूर्ण सरोकारवालाको हो। नागरिक समाज, सञ्चार माध्यम, निजी क्षेत्र र स्वयं नागरिकको सक्रिय निगरानी र सहभागिताले मात्र यसलाई प्रभावकारी बनाउन सक्छ। यदि सरकार आ˗नो प्रतिबद्धतामा अडिग रह्यो र कार्यान्वयनमा कडाइ गर्‍यो भने यो कार्यसूची नेपालको शासन प्रणालीमा सकारात्मक परिवर्तन ल्याउने ऐतिहासिक अवसर बन्न सक्छ। अन्यथा, यो पनि विगतका धेरै योजनाजस्तै एउटा राम्रो दस्तावेजमै सीमित हुने जोखिमबाट मुक्त हुनेछैन।

# महिलाको सहभागिता बढ्यो, नेतृत्व प्रभावकारिता बढेन

नेपालको संविधान २०७२ ले संसद् र स्थानीय तहमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गर्‍यो र २०७४ पछि महिलाको राजनीतिक सहभागिता करिब ४० प्रतिशतभन्दा माथि पुगेको छ। नेपालको इतिहासमा गैरसत्तात्मक रूपमा दलीय राजनीतिको सुरूआत वि.सं. १९९० को दशकबाट भएको मानिन्छ । त्यस समयको सामाजिक–राजनीतिक परिस्थिति अत्यन्तै जटिल थियो, जहाँ राणा शासनको निरंकुश शासन व्यवस्था कायम थियो र नागरिक स्वतन्त्रता सीमित, त्यस्तो अवस्थामा पनि विभिन्न बौद्धिक तथा राजनीतिक व्यक्तित्वहरूले संगठित भएर लोकतान्त्रिक आन्दोलनको आधार निर्माण गरेका थिए। वि.सं. १९९३ मा स्थापित नेपाल प्रजा परिषद् नेपालको सबैभन्दा पुरानो राजनीतिक संस्थाहरूमध्ये एक मानिन्छ, जसले राजनीतिक चेतना फैलाउन महत्त्वपूर्ण भूमिका खेलेको थियो ।

त्यसपछि नेपाली राजनीतिक आन्दोलनलाई संस्थागत रूप दिन नेपाली राष्ट्रिय कांग्रेस (नेका) को स्थापना भयो। यसको पहिलो राष्ट्रिय सम्मेलन भारतको कलकत्तामा सन् १९४७ जनवरी २५–२६ मा आयोजना गरिएको थियो (बस्नेत, २०६५)। उक्त सम्मेलन लोकतान्त्रिक आन्दोलनलाई नेपालको इतिहासमा महत्वपूर्ण मानिएको थियो। सम्मेलनले केवल राजनीतिक परिवर्तनको मुद्दा मात्र उठाएको थिएन, यसले समाजमा विद्यमान लैङ्गिक असमानता र महिलामाथि भइरहेको विभेदलाई पनि स्पष्ट रूपमा पहिचान र महिलाको समान अधिकार सुनिश्चित गर्नका लागि एक महत्वपूर्ण प्रस्ताव पारित गरेको थियो।

त्यतिबेलाको सामाजिक संरचना अत्यन्तै पितृसत्तात्मक थियो, जहाँ महिलाहरु शिक्षा, सम्पत्ति, निर्णय प्रक्रियामा सहभागिता तथा सार्वजनिक जीवनमा उपस्थितिबाट वञ्चित थिए। महिला शिक्षालाई समाज परिवर्तन र राजनीतिक चेतना विस्तारको महत्वपूर्ण आधारका रूपमा हेरिएको थियो। जसले भविष्यमा महिलाहरूलाई सामाजिक र राजनीतिक नेतृत्वमा सहभागी गराउने आधारमा पार्टीले त्यतिखेरबाट नै महिला शिक्षालाई प्राथमिक विषयका रूपमा उठान गरेको पाइन्छ ।

माओवादी पार्टीले सुरूआती चरणमा पनि राजनीतिक रुपमा महिला सहभागितालाई ध्यानमा राखेको थियो। नेपालमा माओवादी आन्दोलन (वि.सं. २०५२–२०६३) का क्रममा महिलाहरु केवल सहयोगी वा समर्थनकर्ताको भूमिकामा सीमित नभई प्रत्यक्ष लडाकू, राजनीतिक प्रशिक्षक, नेता र रणनीतिक निर्णयमा सहभागी भएका थिए। सशस्त्र संघर्षमा सहभागी महिलाहरूले कठिन परिस्थितिमा पनि सैनिक र स्थानीय राजनीतिक नेतृत्वमा महत्वपूर्ण भूमिका निभाएका थिए। राजनीतिक प्रशिक्षण र नेतृत्वमा पार्टीले महिला सदस्यहरूलाई नेतृत्व विकास कार्यक्रम, संगठनात्मक प्रशिक्षण र समानुपातिक प्रतिनिधित्वमा महिला सहभागिता सुनिश्चित गर्ने प्रतिबद्धता साथै महिलाहरूले केवल राजनीतिक र सशस्त्र संघर्षमा मात्र नभई समाज सुधार, शिक्षा, स्वास्थ्य र महिला अधिकारसँग सम्बन्धित विषयहरूमा पनि आवाज उठाएका थिए। यसरी, माओवादी पार्टीको सुरूआती चरणमा महिलाको राजनीतिक सहभागिता सांकेतिक मात्र नभई वास्तविक र प्रभावकारी थिए। यो अनुभवले पछि नेपालमा महिला सहभागिता सुनिश्चित गर्ने कोटा प्रणाली, समानुपातिक प्रतिनिधित्व र संविधानसभामा महिलाको पर्याप्त प्रतिनिधित्वको मार्ग तयार गर्न मद्दत गरेको थियो।

विश्वव्यापी रूपमा बढ्दै गएको लैङ्गिक समानताको बहस र नेपालको राजनीतिक विकासक्रमलाई आत्मसात् गर्दै नेकपा (एमाले) ले २०५३ सालमा सम्पन्न राष्ट्रिय परिषद्को दोस्रो बैठकबाट महत्वपूर्ण निर्णय गरेको थियो। उक्त निर्णय अनुसार पार्टी संरचनाका प्रत्येक कमिटीमा कम्तीमा एक जना महिला अनिवार्य रूपमा सहभागी गराइनुपर्ने व्यवस्था गरिएको थियो (नेकपा–एमाले, २०५३)। नेपाली राजनीतिक दलहरुको इतिहासमा महिला सहभागितालाई सुनिश्चित गर्न कोटा प्रणाली लागू गर्ने सम्भवतः यो पहिलो औपचारिक निर्णय थियो। जसले गर्दा नेपाली राजनीतिमा महिला सहभागिताको दृष्टिले यो कदम ऐतिहासिक मानिएको छ। यसले राजनीतिक दलहरुको आन्तरिक संरचनामा महिलाको प्रतिनिधित्वलाई संस्थागत गर्ने प्रयासको सुरूआत गर्‍यो। यस निर्णयले राजनीतिक क्षेत्रमा महिलालाई अवसर प्रदान गर्ने मात्र नभई उनीहरूको नेतृत्व विकासका लागि पनि आधार तयार गरेको थियो।

नेपालको इतिहासलाई हेर्ने हो भने धेरै आँटिला र शक्तिशाली महिलाहरूको योगदानबारे उल्लेख गरेको पाइन्छ। विभिन्न कालखण्डमा महिलाहरूले राष्ट्र, समाज र समुदायको संरक्षणका लागि साहसिक भूमिका निर्वाह गरेका उदाहरण इतिहासमा प्रशस्त छन्। यस्ता उदाहरणहरूले नेपाली महिलाको साहस, राष्ट्रप्रेम र नेतृत्व क्षमतालाई स्पष्ट रूपमा देखाएको छ। यसको एउटा महत्वपूर्ण उदाहरण सन् १८१४–१६ को समयमा बेलायती उपनिवेशवादी शक्तिविरूद्ध भएको युद्धमा देख्न सकिन्छ। उक्त युद्धमा राष्ट्रको स्वतन्त्रता र सार्वभौमसत्ता जोगाउन महिलाहरूले पनि वीरतापूर्ण रूपमा भाग लिएका थिए। विशेषगरी नालापानीको युद्धमा महिलाहरूले देखाएको साहस र बलिदान नेपाली इतिहासमा गौरवपूर्ण गाथाका रूपमा स्मरण गरिन्छ (कुँवर, २०६५)। कठिन परिस्थितिका बीच पनि महिलाहरूले सैनिकहरूलाई सहयोग गर्ने, घाइतेहरूको उपचार गर्ने, आवश्यक सामग्रीको व्यवस्थापन गर्ने र प्रत्यक्ष रूपमा प्रतिरोधमा सहभागी हुने जस्ता महत्वपूर्ण कार्य गरेका थिए। त्यतिबेला युद्धमा महिला र पुरूष बीच कुनै विभाजनको भावना राखिएको थिएन। राष्ट्र जोगाउने साझा उद्देश्यका साथ सबैले राष्ट्रवादी भावना राख्दै उक्त संघर्षमा सहभागिता जनाएका थिए जसले महिलाहरूले पनि आ˗नो क्षमता, साहस र समर्पणका माध्यमबाट राष्ट्रप्रेमको उदाहरण प्रस्तुत गरेका थिए।

आधुनिक नेपाल निर्माणको सन्दर्भमा महिला आन्दोलनको सुरूआत योगमाया न्यौपानेले गरेको पाइन्छ । योगमायाले सुरूआतमा आफू र आफू जस्ता महिलाले बालविवाहका रूपमा भोग्नु परेको कुरामा अडिग भएर महिला विरूद्धको विभेद र कुसंस्कार विरूद्ध र राणा शासनले आम जनतामाथि गर्दै आएको अन्याय विरूद्ध पनि आवाज उठाउनुभएको थियो । र, २००३ सालमा भएको श्रमिक आन्दोलन र २००४ सालको नागरिक आन्दोलनमा

बाँकी तेश्रो पेजमा



माओवादी सस्त्र संघर्षमा महिलाहरूले कठिन परिस्थितिमा सैनिक र स्थानीय राजनीतिक नेतृत्वमा भूमिका निभाए । २०६२/६३ को आन्दोलनले महिला आन्दोलनलाई नयाँ दिशा र दृष्टिकोण प्रदान गर्‍यो ।

सुनिता परियार



## तपाईंको आज

### मेष
समय फुर्सदिलो रहनाले रमाइलो भेटघाट गर्ने अवसर प्राप्त हुनेछ। प्रतिष्ठा, मान–सम्मान आदि पाइनेछ।

### वृष
प्रेम र मित्रताको बन्धन कसिनेछ। पारिवारिक जमघटका बीच स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ।

### मिथुन
आवश्यक पर्दा सहयोगीहरूले राम्रो साथ दिनेछन्। रोकिएका काम बन्ने र नयाँ काम सुरू गर्ने समय छ।

### कर्कट
आफ्नो मेहनतबाट अरूले फाइदा उठाउनेछन्। आम्दानी भए पनि खर्च बढ्नाले समस्या पर्नेछ।

### सिंह
परिस्थितिले स्वतन्त्रतामा बाधा पुर्याउन सक्छ। तर सानो प्रयत्नले फाइदा बढ्नेछ। व्यापारमा लाभ हुनेछ।

### कन्य
पराक्रमद्वारा अधिकार स्थापित गर्न सकिनेछ। व्यापारलगायत आर्थिक लाभ हुने नयाँ काम प्रारम्भ हुनेछ।

### तुला
मान्यजनको मार्गदर्शन अनुचित लाग्नेछ। अथवा, कमजोर विकल्प अँगाल्नाले अवसर गुम्न सक्छ।

### वृश्चिक
अरूलाई प्रभावित पारेर दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ। कीर्तिमानी काम गर्न सफलता मिल्नेछ।

### धनु
विभिन्न भौतिक साधन जुट्नेछन्। कामले यात्राको अवसर दिलाउन सक्छ। नयाँ ज्ञान सिक्ने मौका छ।

### मकर
कामको चाप बढ्नेछ तर स्वास्थ्य कमजोर रहनेछ। अर्थका हिसाबले पनि दिन कमजोर रहला।

### कुम्भ
केही जोखिमपूर्ण वा विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला। समस्या दर्साउँदा सहयोगीहरूले साथ दिनेछन्।

### मीन
पेसा–व्यवसायमा विशेष लाभ लिने समय छ। व्यापार बढ्नेछ भने आम्दानी पनि प्रशस्तै बढ्नेछ।

# महिलाको सहभागिता ....

महिलाहरूको सक्रिय सहभागिताले सोही वर्ष राजनीतिक उद्देश्य सहित मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको गठन भएको थियो ।

२००७ सालमा एक सय चार (१०४) वर्षअघि शुरू भएको राणा शासनको अन्त्य भयो। त्यसपछि बहुदलीय व्यवस्था शुरू भयो। तर पनि महिला आन्दोलनले शिक्षा, रोजगार र राजनीतिक सहभागिताको मुद्दालाई निरन्तर अगाडि बढाइनै रह्यो। जुन आज पनि यथावत् नै छ तर समाजमा जेन्डर सचेतनाको स्तर, संगठन गर्ने तरिका, आन्दोलनमा महिलाको भूमिका र जिम्मेवारी लिने तत्परतामा भने धेरै परिवर्तन आएको देखिन्छ। यो परिवर्तनले गर्दा नेपालमा महिलावादी आन्दोलनको विस्तार र विकास भएको छ।

जब मुलुक २०६२/६३ को गणतान्त्रिक आन्दोलनमा प्रवेश गर्‍यो; महिला आन्दोलनले पनि गुणात्मक फड्को मार्‍यो। त्यतिबेला महिला आन्दोलनले उठान गरेका विषयहरु तेस्रो चरणको महिलावादी आन्दोलनले उठान गरेका मुद्दासँग सामीप्यता राख्न पुग्यो। यसले महिलाका समस्याहरु एउटै प्रकारका हुँदैनन् भन्ने तथ्यलाई स्पष्ट रूपमा उजागर गर्‍यो। समाजमा विद्यमान वर्ग, जातजाति, भाषा, क्षेत्र, धर्म तथा अन्य सामाजिक पहिचानका आधारमा महिलाहरूले भोग्ने समस्या र चुनौती फरक-फरक हुन्छन्। उदाहरणका लागि दलित महिला, आदिवासी जनजाति महिला, मधेशी महिला वा ग्रामीण क्षेत्रमा बस्ने महिलाहरुले भोग्ने समस्या र अनुभवहरु समान हुँदैनन् भन्ने कुराहरूलाई आत्मसात् गर्दै महिलाको अधिकार, समावेशिता र समान प्रतिनिधित्वका विषयहरु राष्ट्रिय राजनीतिक एजेन्डाका रूपमा स्थापित भए। यसले संविधान निर्माण प्रक्रियामा पनि प्रभाव पार्‍यो, जहाँ समावेशी प्रतिनिधित्व, लैङ्गिक समानता र महिलाको राजनीतिक सहभागितालाई विशेष महत्व दिइयो। यसरी हेर्दा २०६२/६३ को आन्दोलनले नेपाली महिला आन्दोलनलाई नयाँ दिशा र दृष्टिकोण प्रदान गरेको थियो। महिलाका अधिकारलाई केवल लैङ्गिक समानताको सीमित परिभाषामा मात्र नभई सामाजिक न्याय, समावेशिता र विविधताको सम्मानसँग जोडेर हेर्ने दृष्टिकोणलाई बलियो बनाएको थियो।

२०६२/६३ को जनआन्दोलनको सफलतासँगै मुलुक गणतन्त्रमा प्रवेश गर्‍यो। २०६३ माघ १ गते अन्तरिम संविधानको घोषणा भयो। यसले संविधानसभाको निर्वाचनमा एकतिहाइ महिला उम्मेदवार र पैतृक सम्पत्तिमा समान अधिकारको सुनिश्चित गरियो। महिला विरूद्ध हुने हिंसालाई दण्डनीय हुने प्रावधान रह्यो र झन्डै सात दशकदेखि उठान हुँदै आएका महिला अधिकारका विषयहरु २०७२ सालमा घोषणा भएको नयाँ संविधानले नागरिक पहिचान बाहेक आधारभूत रूपमा धेरै विषय सम्बोधन गरेको छ।

संविधानको धारा ३८ मा महिलाको समान वंशीय हक, समानुपातिक सहभागिताको, प्रजनन अधिकार, महिला विरूद्ध हिंसामा अपराधीलाई दण्ड सहित पीडितलाई क्षतिपूर्तिको व्यवस्था गरेको छ र सहभागिताको सन्दर्भमा संघीय संसद् (धारा ८४-८) तथा प्रादेशिक संसद् (धारा १७६-९) मा कम्ती एकतिहाइ महिला सहभागिताका साथै सभामुख-उपसभामुख तथा अध्यक्ष-उपाध्यक्ष (धारा ९२-१/२ र धारा १८२-२) मध्ये एक जना महिला हुनैपर्ने सुनिश्चित गरिएको छ।

नेपालको संविधान २०७२ ले राज्यका सबै तहमा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गरेको थियो। त्यस व्यवस्थाले कार्यान्वयन भएपछि २०७४ देखि संघीय, प्रादेशिक र स्थानीय तहका निर्वाचन मार्फत महिलाको राजनीतिक सहभागिता उल्लेखनीय रूपमा बढेको देखिएको थियो। संघीय संसद्मा २०७४ को निर्वाचनपछि प्रतिनिधिसभामा २७५ मध्ये करिब ९१ जना (३३ प्रतिशत) महिला पुगेका थिए। तर प्रत्यक्ष निर्वाचन प्रणालीबाट केवल ६ जना महिला मात्र निर्वाचित भएका थिए, जसले संसद्मा महिलाको प्रतिनिधित्व मुख्यतः समानुपातिक प्रणालीबाट सम्भव भएको देखाउँछ। २०७९ को निर्वाचनपछि महिलाको प्रतिनिधित्व करिब ३३.८ प्रतिशत पुगेको थियो । प्रदेश सभामा पनि महिलाको सहभागिता वृद्धि भएको थियो। २०७४ मा महिलाको प्रतिनिधित्व करिब ३४.३६ प्रतिशत रहेकोमा २०७९ मा यो बढेर ३६.४ प्रतिशत पुगेको थियो।

स्थानीय तहमा महिलाको सहभागिता सबैभन्दा बढी देखिन्छ। २०७४ को स्थानीय निर्वाचनमा ३५,०४१ जनप्रतिनिधिमध्ये ४०.९५ प्रतिशत महिला निर्वाचित भएका थिए भने २०७९ मा यो बढेर ४१.२१ प्रतिशत पुग्यो तर नेतृत्व तहमा भने महिलाको संख्या सीमित थियो।

समग्र रूपमा २०७४ पछि नेपालमा महिलाको राजनीतिक प्रतिनिधित्व करिब ४० प्रतिशतभन्दा माथि पुगेको छ, जसले समावेशी प्रतिनिधित्वको दृष्टिले महत्वपूर्ण प्रगति देखाउँछ। तर प्रत्यक्ष निर्वाचनमा न्यून अवसर, कोटा प्रणालीमा निर्भरता, पितृसत्तात्मक सोच र निर्णय प्रक्रियामा सीमित प्रभाव जस्ता चुनौती कायम थिए। २०७४ देखि २०७९ सम्मको राजनीतिक विकासक्रमले नेपालको राजनीतिमा महिलाको सहभागितामा उल्लेखनीय प्रगति भएको स्पष्ट देखियो। संघीय संविधानले सुनिश्चित गरेको समावेशी प्रतिनिधित्वको व्यवस्था, समानुपातिक निर्वाचन प्रणाली तथा स्थानीय तहमा कानूनी आरक्षणका कारण महिलाको राजनीतिक प्रतिनिधित्व उल्लेखनीय रूपमा बढेको थियो।

विशेषगरी स्थानीय तहमा ४० प्रतिशतभन्दा बढी महिला सहभागिता हुनु नेपालका लागि महत्वपूर्ण उपलब्धि मानिन्छ। तर अझै पनि महिलाको राजनीतिक सहभागिता पूर्ण रूपमा समान र प्रभावकारी बन्न सकेको देखिंदैन। प्रत्यक्ष निर्वाचनमा न्यून प्रतिनिधित्व, नेतृत्व तहमा सीमित अवसर, राजनीतिक दलहरूको संरचनागत असमानता तथा पितृसत्तात्मक सोच जस्ता चुनौती आजको दिनमा पनि स्पष्ट देखिन्छ।

चुनावहरुमा महिलाको सहभागितालाई हेर्ने हो भने, प्रारम्भिक चरण (२०१५-२०५६) का चुनावहरूमा महिलाको सहभागिता अत्यन्त न्यून थियो। २०१५ सालको चुनावमा केवल १ जना महिला सांसद निर्वाचित भएकी थिइन्। २०४८ सालमा ७ जना महिला निर्वाचित भएका थिए। २०५१ सालमा ७ जना, २०५६ सालमा १२ जना महिला निर्वाचित थिए। त्यस समयमा महिलाहरूको प्रतिनिधित्व सामान्यतया ५ प्रतिशत भन्दा कम थियो।

संविधानसभा काल (२०६४-२०७०)मा भएका संविधानसभा निर्वाचनमा समानुपातिक प्रणाली लागू भएपछि महिलाको प्रतिनिधित्व उल्लेखनीय रूपमा बढेको देखिन्छ। २०६४ सालमा पहिलो संविधानसभामा करिब १९७ र २०७० सालमा दोस्रो संविधानसभामा करिब १७६ महिला सदस्यहरूको सहभागिता देखिएको थियो। त्यसलाई नेपाली राजनीतिमा महिला सहभागिताको महत्वपूर्ण मोड लिएको मानिएको थियो।

नेपालको संविधान २०७२ ले संसद्मा कम्तीमा एकतिहाइ महिला प्रतिनिधित्व अनिवार्य गर्‍यो। संविधान जारी भएपछि २०७४ सालमा भएको पहिलो संघीय चुनावमा करिब ३३ प्रतिशत महिला प्रतिनिधित्व र २०७९ सालको संघीय चुनावमा ९१ महिला सांसद (करिब ३३ प्रतिशत) महिला सहभागिता थियो । स्थानीय तहमा महिला सहभागितालाई विशेष ध्यानमा राखी संविधान र कानूनी प्रावधानका कारण स्थानीय तहमा महिलाको सहभागिता अझ धेरै बढाएको देखिन्छ। २०७४ स्थानीय चुनावमा करिब ४१ प्रतिशत महिला प्रतिनिधि, २०७९ स्थानीय चुनावमा करिब ४१.२ प्रतिशत महिला प्रतिनिधिहरूको उल्लेखनीय रूपमा सहभगिता देखिएको थियो।

नेपालमा पछिल्ला वर्षहरूमा युवा पुस्ताको राजनीतिक तथा सामाजिक चेतनामा उल्लेखनीय वृद्धि भएको देखिन्छ। विशेषगरी जेनजी अर्थात् सन् १९९७ पछि जन्मिएको पुस्ता सामाजिक सञ्जाल, डिजिटल प्लेटफर्म र नागरिक अभियान मार्फत विभिन्न मुद्दाहरूमा सक्रिय रूपमा आवाज उठाउँदै आयो। पारम्परिक राजनीतिक संरचना, भ्रष्टाचार, सुशासनको अभाव, बेरोजगारी तथा सामाजिक असमानताका विषयमा उनीहरूले निरन्तर प्रश्न उठाउने काम गरे।

जेनजी आन्दोलन सामाजिक तथा राजनीतिक असन्तुष्टिको पृष्ठभूमिमा विकसित भएको एक महत्वपूर्ण युवा आन्दोलन हो। २३ भदौ २०८२ मा शुरू यस आन्दोलनमा मुख्यत: जेनजी अर्थात् नयाँ पुस्ताका युवाहरूको सक्रिय सहभागिता रहेको थियो। आन्दोलनका क्रममा विभिन्न स्थानहरूमा प्रदर्शन र झडपका घटनाहरु भए। २०८२ भदौ २९ सम्म आइपुग्दा विरोधका क्रममा ७६ जनाको मृत्यु भएको उल्लेख गरिएको छ। पछि सरकारले ४५ जनालाई शहीद घोषणा गर्दै प्रत्येक परिवारलाई १० लाख रूपैयाँ राहत दिने घोषणा गरेको थियो।

जेनजी आन्दोलनपछि नेपालले पहिलो महिला प्रधानमन्त्री पायो, जसले नेपालको इतिहासमा महिला नेतृत्वको नयाँ अध्यायको सुरूआत गर्‍यो। नेपाली राजनीतिमा महिलाको सहभागिता र नेतृत्व क्षमताको महत्वपूर्ण उदाहरण प्रस्तुत गरेको थियो। सुशीला कार्की प्रधानमन्त्री भएपछि नेपालले विश्वलाई एउटा स्पष्ट सन्देश दियो। महिलाले पनि उच्चतम कार्यकारी पद हासिल गर्न सक्छन् भन्ने सकारात्मक सन्देश र लैङ्गिक समानताको लडाइँमा ऐतिहासिक मोडका रूपमा लिइएको छ। साथै, नयाँ नेतृत्व, निष्ठा र पारदर्शिताको माग गर्दै सडकमा उत्रिएका युवा पुस्ताको अपेक्षा पनि यससँग जोडिएको थियो।

प्रधानमन्त्री सुशीला कार्कीका लागि सबैभन्दा महत्वपूर्ण चुनौती भनेको युवा पुस्ताको माग सम्बोधन गर्नु थियो। जेनजी पुस्ताले नेतृत्व गरेको आन्दोलनका कारण उनीहरूको असन्तोषलाई समयमै सम्बोधन नगरे आन्दोलन निरन्तर रहने खतरा थियो। आर्थिक संकट व्यवस्थापन पनि अर्को महत्वपूर्ण दायित्व बनेको थियो। आन्दोलन र अशान्तिका कारण व्यापार, पर्यटन तथा उत्पादन गतिविधि प्रभावित भएका थिए। आर्थिक स्थिरता विना राजनीतिक समाधान सम्भव नहुने भएकाले उनले अर्थतन्त्रलाई पुनर्जीवित गर्ने ठोस कदम चाल्नु परेको थियो। त्यसैले रोजगारी सिर्जना, भ्रष्टाचार अन्त्य तथा सामाजिक सञ्जालमा अभिव्यक्ति स्वतन्त्रता सुनिश्चित गर्ने नीतिगत सुधारहरु तत्काल आवश्यक र मुख्य जिम्मेवारी राजनीतिक सहमति निर्माण गर्नु पनि थियो। प्रमुख राजनीतिक दलहरु बीच विश्वास पुनःस्थापना गरेर राजनीतिक स्थिरताको बाटो खुलाउनुपर्ने र नयाँ निर्वाचन वा सम्भावित संविधान संशोधनको प्रक्रिया अघि बढाउनका लागि सबै दललाई साझा एजेन्डामा ल्याउनुको साथै २१ फागुनमा प्रतिनिधिसभाको चुनावको वातावरण सिर्जना गर्नु उनको लागि ठूलो चुनौती थियो ।

२०८२ (फागुन २१) मा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनमा महिलाहरूको राजनीतिक सहभागिता संविधान, कानून र सामाजिक वास्तविकता बीच अझै चुनौतीपूर्ण बनेको देखिएको थियो। नेपालको संविधानले संसद्मा न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व सुनिश्चित गरेको छ। तर वास्तविकतामा प्रतिनिधिसभा सदस्य निर्वाचनमा महिलाहरूको प्रत्यक्ष उम्मेदवारीमा संख्या धेरै कम थियो। धेरै पार्टीले महिलालाई प्रत्यक्ष प्रतिस्पर्धीको रूपमा टिकट नदिई, प्रोपोर्शनल लिस्ट मार्फत मात्र महिलाहरूको प्रतिनिधित्व पूरा गर्ने प्रयास गरे जसले संरचनागत असमानता अझै बाक्लो देखिएको छ।

नेपालमा महिलाको राजनीतिक सहभागिता ऐतिहासिक दृष्टिले संघर्षशील, प्रभावशाली र निरन्तर सुधारको यात्रामा रहेको छ। प्रारम्भिक चरणमा महिलाहरु केवल सहयोगी वा सीमित भूमिकामा रहँदै आएका थिए भने माओवादी आन्दोलन, महिला संघको गठन र समानुपातिक निर्वाचन प्रणाली जस्ता पहलहरूले उनीहरूको सशक्त सहभागिता सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेलेको छ। संविधानले संसद् र स्थानीय तहमा न्यूनतम एकतिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गरे पनि प्रत्यक्ष निर्वाचनमा अवसर सीमित, नेतृत्व तहमा पहुँच कम, दल संरचनामा असमानता र पितृसत्तात्मक सोच जस्ता चुनौती अझै कायम छन्। २०७४-२०७९ सम्मको राजनीतिक विकासक्रमले महिलाको प्रतिनिधित्वमा उल्लेखनीय वृद्धि गरेको भए पनि, वास्तविक समानुपातिक नेतृत्व र प्रभावकारिता हासिल गर्न अझै दल र समाजमा गहिरो आत्मालोचना र संरचनागत सुधार आवश्यक छ।

अन्ततः, नेपालको महिला राजनीतिक सहभागिता केवल संख्यात्मक वृद्धि मात्र नभई नेतृत्व, निर्णय र नीति निर्माणमा प्रभावकारी उपस्थितिको सुनिश्चिततातर्फ पनि ध्यान केन्द्रित गर्न आवश्यक छ। यो यात्रा इतिहासदेखि वर्तमानसम्म चुनौतीपूर्ण भए पनि, महिलाको नेतृत्व क्षमता र योगदानले नेपाललाई लैङ्गिक समानताको मार्गमा अघि बढाउने स्पष्ट संकेत दिएको छ। अनलाइनखबरबाट

# सुशासन मार्गचित्र: ......

असारमा खर्च गर्ने प्रवृत्ति अन्त्य गरी समयमै कार्यान्वयन सुनिश्चित गरिनुपर्छ ।"

तीन तहका सरकारबीच समन्वय अभावका कारण दोहोरो कार्यक्रम र स्रोत दोहोरिने समस्या समाधान गर्न साझा परियोजना बैंक स्थापना गर्ने तथा समन्वित बजेट प्रणाली विकास गर्ने सुझाव पनि दिइएको छ। नागरिक सहभागितालाई संस्थागत गर्दै बजेट तर्जुमा प्रक्रिया मन्त्री वा उच्चपदस्थको खल्तीबाट नभई नागरिकको सुझाव समावेश गरी सञ्चालन गरिनुपर्ने उल्लेख छ ।

सुधारका लागि प्रस्तुत सुझावहरूमा अन्तरसरकारी वित्तीय हस्तान्तरणलाई केवल स्रोत वितरण नभई क्षेत्रीय असमानता घटाउने रणनीतिक साधनका रूपमा रूपान्तरण गर्नुपर्ने उल्लेख छ । "खुला बजेट पोर्टलमार्फत वास्तविक समय (रियल टाइम) मा विनियोजन र खर्च विवरण सार्वजनिक गरिनुपर्छ, तथ्याङ्कमा आधारित प्राथमिकता निर्धारण गरिनुपर्छ र परिणाममा आधारित बजेट प्रणाली लागू गरिनुपर्छ", मार्गचित्रमा उल्लेख छ।

राजस्व प्रशासन सुधारतर्फ मार्गचित्रले पूर्ण डिजिटल प्रणाली, अन्तरआबद्ध सूचना प्रविधि संरचना र जोखिममा आधारित कर परीक्षण प्रणाली विकासमा जोड दिएको छ । "ई-दर्ता, ई-फाइलिङ, ई-पेमेन्ट र ई-इनभ्वाइसिङ प्रणालीको पूर्ण कार्यान्वयन गरिनुपर्छ, कृत्रिम बौद्धिकता प्रयोग गरी कर छली नियन्त्रण गर्नुपर्छ," दस्तावेजमा भनिएको छ ।

यस्तै, कर प्रशासनमा 'फेसलेस अडिट' प्रणाली लागू गरी करदाता र कर्मचारीबीच प्रत्यक्ष सम्पर्क न्यून गर्ने तथा भ्रष्टाचार नियन्त्रणलाई संस्थागत गर्नुपर्ने सुझाव दिइएको छ । गैरकर राजस्वतर्फ मार्गचित्रले सेवा शुल्क, रोयल्टी र प्राकृतिक स्रोतको उपयोगबाट प्राप्त आम्दानीको दायरा विस्तार गर्न, सार्वजनिक सम्पत्तिको प्रभावकारी उपयोग गर्न तथा सबै आम्दानीलाई सञ्चित कोषमा अनिवार्य दाखिला गर्नुपर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्ने उल्लेख गरिएको छ । साथै, कम प्रतिफल दिने सार्वजनिक संस्थानको पुनर्संरचना र व्यावसायिक व्यवस्थापन आवश्यक रहेको औँल्याइएको छ ।

भन्सार प्रशासन सुधारका लागि पूर्ण डिजिटल, कागजविहीन र 'फेसलेस' प्रणाली लागू गर्न, जोखिममा आधारित जाँच प्रणाली विकास गर्न तथा आधुनिक प्रविधिको प्रयोग बढाउनुपर्ने सुझाव मार्गचित्रले दिएको छ । "सम्पूर्ण घोषणा, मूल्याङ्कन, भुक्तानी र जाँचपास प्रक्रिया अनलाइन गरिनुपर्छ, इलेक्ट्रोनिक डेटा इन्टरचेन्ज प्रणाली सुदृढ गरिनुपर्छ र सेवाग्राही तथा कर्मचारीबीच प्रत्यक्ष सम्पर्क न्यून गरिनुपर्छ", सुशासन मार्गचित्रमा भनिएको छ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा




डिभिजन वन कार्यालय तनहुँको अनुरोध

- वन र वन्यजन्तुहरू हाम्रा अमूल्य सम्पत्ती हुन, यिनीहरूको संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको कर्तव्य हो ।
- वन्यजन्तुको चोरी शिकारी, वन पैदावारको चोरीकटानी र ओसारपसार, वन क्षेत्रमा अतिक्रमण जस्ता कार्यहरू गर्नु गराउनु हुँदैन । यस्ता कार्यहरू गरे गराएमा वन ऐन, २०७६ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अनुसार वन सम्बन्धी कसुर/अपराध गरेको मानिन्छ। वन तथा वन्यजन्तु सम्बन्धी कसुर/अपराधहरू फौजदारी अभियोग हो ।

तसर्थ,

- कुनै पनि वन्यजन्तु मार्ने, शिकार गर्ने, वन्यजन्तुको अङ्ग ओसारपसार गर्ने, बिना इजाजत काठ, दाउरा, जडीबुटी लगायतका अन्य वन पैदावारहरू समेतको संकलन र ओसार पसार गर्ने तथा वन क्षेत्रको जग्गा अतिक्रमण गर्ने जस्ता कार्यहरू नगरौ नगराऔं ।
- वन तथा वन्यजन्तुको संरक्षणमा सहभागी बनी असल नागरिकको भूमिका निर्वाह गरौं
- वन सम्बन्धी अपराध हुन लागेको, भईरहेको थाह पाएमा/देखेमा नजिकको डिभिजन वन कार्यालय, सव डिभिजन वन कार्यालयहरू तथा प्रहरी कार्यालयहरूमा खबर गरौ ।

डिभिजन वन कार्यालय
दमौली, तनहुँ । फोन : ०६५-५६३१३५

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. २/२०७८/०७९


# देवघाट पालिकावासीको मागअनुसारकै योजना प्राथमिकतामा : अध्यक्ष थापा

**भञ्ज्याङ समाचारदाता**/देवघाट

पालिकावासीको चाहना र आवश्यकताका आधारमा योजना छनोट गरी बजेट निर्माण गर्दै आएको देवघाट गाउँपालिकाका अध्यक्ष तिलबहादुर थापाले बताएका छन् । नेपाल पत्रकार महासंघ तनहुँको आयोजना तथा देवघाट गाउँपालिकाको सहयोगमा आइतबार वडा नं. २ स्थित व्यागनमा आयोजित सार्वजनिक सुनुवाइ कार्यक्रममा बोल्दै अध्यक्ष थापाले विनियोजित कार्यक्रमलाई प्रभावकारी र पारदर्शी रूपमा कार्यान्वयन गर्न सेवाग्राही र कर्मचारीबीचको समन्वय अपरिहार्य रहेको बताए।

उनले पालिकावासीले आफूहरूलाई जनप्रतिनिधिको रूपमा जिम्मेवारी दिएको उल्लेख गर्दै जुनसुकै समयमा पनि जनताको सेवामा खटिनु आफ्नो कर्तव्य भएको धारणा व्यक्त गरे । "देवघाट गाउँपालिकालाई समृद्ध बनाउन सबै पालिकावासीको साथ र सहयोग अपरिहार्य छ", अध्यक्ष थापाले भनु, "धार्मिक, पर्यटन र कृषि क्षेत्रमा देवघाटलाई नमुना बनाउन हामी निरन्तर लागिपरेका छौं ।"

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत राजिव पन्थीले कर्मचारीहरूलाई शासक नभई सेवकको भावनाले काम गर्न निर्देशन दिइएको जानकारी दिए। कृषि, पर्यटन, पूर्वाधार र शिक्षालगायत क्षेत्रमा विनियोजित बजेटको कार्यप्रगति सन्तोषजनक भए पनि आन्तरिक राजश्व न्यून संकलन हुँदा कार्यक्रम कार्यान्वयनमा केही प्रभाव परेको उनले बताए ।




सार्वजनिक सुनुवाइका क्रममा वडा नं. २ र ५ तथा समग्र गाउँपालिकाको सेवा प्रवाहबारे गरिएको सर्वेक्षणमा सहभागीमध्ये करिब ८२ प्रतिशत सेवाग्राही पूर्ण सन्तुष्ट देखिएका छन् भने बाँकी १८ प्रतिशतले सेवा प्रवाह ठिकै रहेको प्रतिक्रिया दिएका थिए। ६४ पुरूष र ३६ महिला गरी एक सय जनालाई समेटिएको उक्त सर्वेक्षण नेपाल पत्रकार महासंघका अध्यक्ष डीपी अधिकारी र पत्रकार पूर्ण विकेले गरेका थिए।

कार्यक्रममा सिम्लेक टोल विकास संस्थाका अध्यक्ष तिलबहादुर मगर, जुद्ध आधारभूत विद्यालयका प्रधानाध्यापक गमबहादुर थापा र सेवाग्राही पृथ्वीबहादुर थापा लगायतले प्रविधिमैत्री शिक्षा, प्रभावकारी पशुपालन प्रविधि लगायत विषयमा जिज्ञासा राखेका थिए ।

उक्त जिज्ञासामा शिक्षा अधिकृत होमनाथ लामिछाने तथा पशु तथा मत्स्य विकास शाखाका अधिकृत प्रदीप सापकोटाले आधुनिक प्रविधिसँगै सेवाप्रवाहलाई थप प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरेका थिए। कार्यक्रम समन्वय शाखाका अधिकृत कृष्णराज पन्तले सहभागीका सुझाव र जिज्ञासाहरु टिपोट गरेका थिए।

कार्यक्रममा गाउँपालिकाका प्रवक्ता तथा वडा नं. ५ का अध्यक्ष पूर्णबहादुर कुँवरसहित विभिन्न वडाका अध्यक्ष, कार्यपालिका सदस्य, गाउँसभा सदस्य तथा सरोकारवालाहरूको उपस्थिति रहेको थियो। करिब एक सय जनाको सहभागिता रहेको कार्यक्रममा गाउँपालिका उपाध्यक्ष भूवनसिं गुरूङले धन्यवाद ज्ञापन गरेका थिए भने कार्यक्रमको सञ्चालन महासंघका अध्यक्ष अधिकारीले गरेका थिए ।

# एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज र केही पुन:संरचना सिफारिस

**रासस**/काठमाडौं

सरकारले सार्वजनिक गरेको 'सुशासन मार्गचित्र, २०८२' ले प्रशासन सुधारका लागि ठूला संरचनागत परिवर्तन प्रस्ताव गर्दै एक दर्जन हाराहारी सार्वजनिक निकाय खारेज, केही गाभ्ने तथा केही प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्ने सिफारिस गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आइतबार सार्वजनिक गरेको उक्त मार्गचित्रले दोहोरो काम गर्ने, निष्क्रिय वा कम प्रभावकारी निकायहरूलाई पुन:संरचना गरेर शासन प्रणालीलाई चुस्त, प्रभावकारी र उत्तरदायी बनाउन आवश्यक रहेको उल्लेख गरेको छ ।

मार्गचित्रमा समान प्रकृतिका कार्य गर्ने संस्थाहरूलाई एकीकृत गर्दै स्रोत, साधन र जनशक्ति व्यवस्थापनलाई प्रभावकारी बनाउने उल्लेख छ । यसअन्तर्गत नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठानलाई नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानसँग गाभ्ने, मुद्रण विभाग, कानुन किताब व्यवस्था समिति र सुरक्षण मुद्रण विकास समितिलाई सुरक्षण मुद्रण केन्द्रमा समाहित गर्ने प्रस्ताव गरिएको छ।

यस्तै, नेपाल इन्टरमोडल यातायात विकास समितिलाई नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडसँग गाभेर थप सुदृढ संरचना निर्माण गर्ने र आवश्यक परे प्राधिकरणमा रूपान्तरण गर्ने सम्भावना औँल्याइएको छ ।

यसैगरी, न्याय सेवा तालिम केन्द्रलाई न्यायिक प्रतिष्ठानमा गाभ्ने, केन्द्रीय कानुन पुस्तकालय विकास समितिलाई राष्ट्रिय पुस्तकालयमा समाहित गर्ने र विभिन्न स्वरोजगारसम्बन्धी कोषहरूलाई एकीकृत गरी 'राष्ट्रिय उद्यमशीलता तथा स्वरोजगार कोष' स्थापना गर्ने योजना अघि सारिएको छ । तराई-मधेस समृद्धि कार्यक्रमलाई संघीयस्तरबाट सञ्चालन गर्नुको सट्टा सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्न उपयुक्त हुने विकास समितिहरु लगायत निकाय खारेज सूचीमा परेका छन् ।

यस्तै, केही मेडिकल कलेज पूर्वाधार तथा विकास आयोजनाहरु पनि खारेजी सूचीमा परेका छन्। मेडिकल कलेज पूर्वाधार विकास आयोजना बर्दिवास, बुटवल र सुर्खेत खारेज गर्नुपर्ने सूचीमा छन्। यी आयोजना सम्पन्न भएपछि स्वतः खारेज गर्नुपर्ने उल्लेख छ।



मार्गचित्रले औँल्याएको छ ।

मार्गचित्रले केही सार्वजनिक निकायहरु खारेज गर्न सिफारिस गरेको छ । बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिको कार्य लुम्बिनी विश्वविद्यालय र पुरातत्व विभागबाट सञ्चालन गर्न सकिने भन्दै खारेज प्रस्ताव गरिएको छ।

यस्तै, स्थापना भएको लामो समयसम्म पनि कार्यसम्पादन नभएको न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल रेल्वे बोर्ड, सहरी क्षेत्र सार्वजनिक यातायात प्राधिकरण, जग्गा विकास चक्र कोष, नगर विकास समितिहरु लगायत निकाय खारेज सूचीमा परेका छन् ।

यस्तै, राष्ट्रिय दुग्ध विकास बोर्डको काम पशु सेवा विभागबाट सञ्चालन गर्न सकिने र जिल्ला निर्वाचन कार्यालयहरु खारेज गरी जिम्मेवारी जिल्ला प्रशासन कार्यालयलाई हस्तान्तरण गर्ने तथा प्रदेशस्तरमा निर्वाचन कार्यालय स्थापना गर्ने प्रस्ताव गरिएको छ।

मार्गचित्रले प्रशासनिक प्रक्रिया सरलीकरणका लागि केही अनुमति प्रणालीसमेत खारेज गर्न सिफारिस गरेको छ । यसमा श्रम स्वीकृति प्रणाली र वैदेशिक अध्ययनका लागि आवश्यक 'नो अब्जेक्सन लेटर' (एनओसी) हटाउने प्रस्ताव समावेश छ, जसले सेवाग्राहीलाई सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

यस्तै, संघीय संरचना सुदृढीकरणका लागि केही निकाय प्रदेश र स्थानीय तहमा हस्तान्तरण गर्न सुझाव दिइएको छ। राष्ट्रिय चुरे संरक्षण समितिलाई पुन:संरचना गरी प्रदेशमा हस्तान्तरण गर्ने, वनस्पति अनुसन्धान केन्द्रहरु, पशुपन्छी रोग अन्वेषण परियोजना, विभिन्न सिँचाइ आयोजना तथा 'जनताको तटबन्ध कार्यक्रम' सम्बन्धित प्रदेशलाई जिम्मा दिने प्रस्ताव गरिएको छ । साथै, विभिन्न पर्यटन संरक्षण तथा विकास समितिहरूलाई पनि प्रदेश वा स्थानीय तहमा हस्तान्तरण गर्नुपर्ने औँल्याइएको छ । सुशासन मार्गचित्रमा निश्चित उद्देश्य, लागत र समयसीमा तोकी स्थापना गरिएका समिति तथा आयोजनाहरु उद्देश्य पूरा भएपछि स्वतः खारेज गर्ने नीतिलाई कडाइका साथ कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ ।

## facebook twitter



**Krishna Sharma**
x.com/kps_baglung

जरूरी पत्राउ पुर्जी तब जारी हुन्छ जब अभियुक्त भाग्ने वा प्रमाण नष्ट गर्ने सम्भावना हुन्छ। रवि र रविन्द्रले विदेशमा भएको सम्पत्ति बेचेर नेपाल नै फर्केका थिए र तिनीहरु गुमनाम पनि थिएनन्। तैपनि उनीहरूलाई भाग्ने सम्भावना रहेको भन्दै हिरासतमै राखेर अनुसन्धान गर्न भनियो। आज त्यही कानुन केपी र लेखकमाथि लागू भयो। केपी र लेखक भाग्लान् त ? उनीहरु भाग्दैनन्। तर रवि र रविन्द्र किन भाग्छन् भनियो त ?



**रामेश**
x.com/RaameshKoirala

नयाँ सरकारले ल्याएको १०० वटा कार्यसूचीमा स्वास्थ्य सम्बन्धित ८५ नंको बुँदा पढ्दा संघीय सरकारले स्वास्थ्य बीमा एवं डायलाइसिस, मुटु तथा क्यान्सरलगायत कडारोगको उपचारमा सहुलियत हटाएर उही १०% फ्रि-बेडलाई अचुक उपाय ठानेको बुझैं। यसरी त स्वास्थ्यसेवा झन् खत्तम हुन्छ है! पुनरावलोकन होस् !



**dambar khatiwoda**
x.com/dambarkhatiwoda

बालेन सरकारका १०० बुँदा सामान्यतः सही छन। कार्यान्वयन गर्न सरकार ईमान्दार भए सबैले सहयोग गर्न पर्छ।सम्पति छानबिन आयोग प्रधानमन्त्री अन्तर्गत राख्ने कुरा ठीक हैन। यसो गर्दा विश्वासनीयता हुँदैन, "बायस फिल" हुन सक्छ, उच्चस्तरीय नागरिक आयोग चाहिन्छ। तर स्रोत पक्ष पनि विश्लेषण होस्।

# बन्दीपुर अस्पतालमा अतिरिक्त ओपीडी सेवामा बढ्दो आकर्षण

**भञ्ज्याङ समाचारदाता**/बन्दीपुर

तनहुँको बन्दीपुर गाउँपालिका अन्तर्गत रहेको बन्दीपुर अस्पताल मा सञ्चालन भइरहेको विस्तारित ओपीडी सेवाप्रति सेवाग्राहीको आकर्षण बढ्दै गएको छ ।

अस्पतालले सार्वजनिक बिदा र शनिबारसमेत हरेक दिन बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म नि:शुल्क ओपीडी सेवा प्रदान गर्दै आएको छ । सोही सेवाअन्तर्गत फाल्गुन महिनामा कुल १ हजार ८१८ जना सेवाग्राहीले ओपीडी सेवा लिएको अस्पतालका प्रमुख डा. अनिल गिरीले जानकारी गराए।

अस्पतालका अनुसार उक्त अवधिमा नियमित समयमा सेवा लिने सेवाग्राही ७०५ जना (३८.७८ प्रतिशत) रहेका छन् भने अतिरिक्त समयमा सेवा लिने सेवाग्राहीको संख्या १ हजार ११३ (६१.२२ प्रतिशत) पुगेको छ।

नियमित ओपीडी सेवा समय बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म हुने गरेको छ भने अतिरिक्त सेवा बिहान ७ बजेदेखि १० बजेसम्म र दिउँसो २ बजेदेखि बेलुकी ८ बजेसम्म सञ्चालन हुँदै आएको छ। सार्वजनिक बिदाका दिनसमेत बिहान ७ बजेदेखि बेलुकी ८ बजेसम्म सेवा उपलब्ध गराइएको छ ।

फाल्गुण महिनामा १४ दिन सार्वजनिक बिदा परेकाले अतिरिक्त समयमा सेवा लिने सेवाग्राहीको संख्या उल्लेख्य रूपमा बढेको अस्पतालले जनाएको छ।

अस्पतालले कर्मचारी, विद्यार्थी, मजदुर, व्यवसायी तथा गृहिणीलाई लक्षित गर्दै सेवा समय विस्तार गरेपछि सेवाप्रवाह सहज भएको र यसले स्थानीयस्तरमा स्वास्थ्य सेवाको पहुँच विस्तारमा टेवा पुगेको विश्वास गरिएको छ ।

# तनहुँमा सिडिओमार्फत् ज्ञापनपत्र बुझाइयो

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाल कम्युनिष्ट पार्टी (एमाले) तनहुँले पार्टी अध्यक्ष केपी शर्मा ओलीको रिहाइको माग गर्दै जिल्ला प्रशासन कार्यालय तनहुँमा ज्ञापनपत्र बुझाएको छ। एमाले तनहुँका अध्यक्ष हरिराज कंडेल नेतृत्वको टोलीले प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो।



ज्ञापनपत्रमा पूर्व प्रधानमन्त्री ओलीलाई गैरकानूनी ढंगले थुनामा राखिएको उल्लेख गर्दै तत्काल रिहाइ गर्न माग गरिएको छ। साथै, समयमै रिहाइ नगरिए त्यसबाट उत्पन्न हुने परिस्थितिको सम्पूर्ण जिम्मेवारी सरकार स्वयंले लिनुपर्ने चेतावनी एमालेले दिएको छ।

एमाले तनहुँले यस विषयलाई गम्भीर रूपमा लिएको जनाउँदै आवश्यक परे थप आन्दोलनका कार्यक्रम अघि बढाउने संकेत समेत गरेको छ । उक्त कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य केदार सिग्देल, नेताहरू प्रतापलाल श्रेष्ठ, एकबहादुर राना लगायत सहभागी थिए ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोनः** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४